**गोडैता नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**गोडैता, सर्लाही**
**मधेश प्रदेश, नेपाल**

प.सं.:-२०८२/०८३
च.नं.

मिति : २०८२/११/२६

## न्यूनतम रोजगारका लागि बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुने सम्बन्धी सूचना ।

रोजगारीको हक सम्बन्धी ऐन,२०७५को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली,२०७५(दोस्रो संशोधन)को नियम ७ तथा राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम(संचालन तथा व्यवस्थापन) निर्देशिका,२०८२ को दफा १७ बमोजिम न्यूनतम रोजगार कार्यक्रम अर्न्तगत आगामी आ.व.२०८३।०८४ मा संचालन हुने श्रममूलक आयोजनाहरूमा न्यूनतम रोजगारीमा संलग्न हुन इच्छुक,सामाजिक संरक्षण आवश्यक भएका विपन्न तथा न्यून आय भएका वा स्वरोजगारमा समेत संलग्न नरहेका १८ वर्ष उमेर पूरा भई ५८ वर्ष ननाघेका बेरोजगार व्यक्तिहरूले बेरोजगार सूचीमा सूचीकृत हुन आफू स्थायी बसोबास गरेको सम्बन्धि वडा कार्यालयमा आवश्यक कागजातसहित मिती २०८२।१२।१५ गते भित्र तोकिएको ढाँचामा निवेदन दिनुहुन अनुरोध छ ।

अघिल्लो आ.व. मा सूचीकृत भएका बेरोजगारहरूले समेत आगामी आ.व.२०८३।०८४ का लागि पुन:सूचीकृत हुन तोकिएको निवेदन फारम भरी नवीकरण गराउनुहुन अनुरोध छ ।

.............................
हेम बहादुर कार्की
प्रमुख प्रशासकीय अधिकृत

**आवेदनका लागि आवश्यक कागजातहरू :**

१.रीतपूर्वक भरिएको आवेदन फारम ।
२.नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि(बसाईसराइ गरी आएको भए बसाईसराइ प्रमाणपत्रको प्रतिलिपि) ।
३.आवेदन फारम अनिवार्य रूपमा सम्बन्धित वडा अध्यक्षबाट प्रमाणित गराइएको हुनुपर्नेछ ।

**बोधार्थ :**

श्री सबै वडा कार्यालयहरू प्रचार प्रसार तथा आवेदन संकलन गरि दिनु हुन ।
श्री सूचना तथा प्रविधि शाखा वेवसाइट तथा facebook मा upload गरिदिनु हुन ।